गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश
पोखरा, नेपाल

## गण्डकी प्रदेश विकास समस्या समाधान समितिको एघारौं बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने निर्णयः

१. विगतमा प्रदेश विकास समस्या समाधान समितिको निर्णयअनुसार राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस भई हालसम्म कार्यान्वयन नभएका निर्णय कार्यान्वयनको लागि पुनः नेपाल सरकारलाई अनुरोध गर्ने।

२. सङ्घीय व्यवस्थापिकामा पेस भएको निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यथाशीघ्र जारी गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

३. प्रदेश राजस्व र बजेट सम्बन्धी सफ्टवेयरहरू जस्तै RMIS र PLMBIS मा प्रदेश सरकारको आवश्यकताअनुसार परिमार्जन, व्यवस्थापन र नियन्त्रण गर्न सक्ने गरी उक्त प्रणालीमा पहुँच दिन नेपाल सरकारलाई अनुरोध गर्ने।

४. नदिजन्य सामग्रीको उत्खनन हुँदा र नहुँदा नदी/खोला कतै गहिरिन गई त कही उकासिन गई सिँचाइ/तटबन्ध/खानेपानीका मुहान लगायतका भौतिक संरचनाहरू जोखिममा पर्ने हुँदा वर्षै पिच्छे नदिजन्य निर्माण सामाग्री थुप्रिन जाने स्थानबाट मात्र नदिजन्य सामग्री उत्खनन गर्न सक्ने गरी आवश्यक कानुनी प्रबन्ध मिलाउन नेपाल सरकारलाई अनुरोध गर्ने।

५. ढुङ्गा, गिट्टी बालुवा सम्बन्धी प्रशोधन उद्योग दर्ता गर्ने अधिकार प्रदेश सरकारलाई दिन औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन गर्नका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

६. विश्वविद्यालय अनुदान आयोगबाट विश्वविद्यालयहरूलाई प्रदान गरिने आर्थिक सहायता तथा अनुदानमा प्रादेशिक विश्वविद्यालयलाई समेत समेट्न साथै CTEVTE अन्तर्गतका तालिम केन्द्र, संरचना कर्मचारी तथा प्रादेशिक खेल संरचना प्रदेश सरकारलाई हस्तान्तरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश
पोखरा, नेपाल

७. प्रदेश तथा स्थानीय सरकारले प्रयोग गरि रहेका जग्गा, भवन, सवारी साधन तथा अन्य पूर्वाधार सम्बन्धित सरकारलाई स्वामित्व हस्तान्तरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

८. ससर्त अनुदानमा सञ्चालित तथा हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा आएका पूर्वाधार विकास तर्फका (खानेपानी, सिँचाई, भवन, सडक) आयोजनाको हकमा आयोजना सम्पन्न नहुँदासम्म बजेट व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

९. सङ्घीय खानेपानी तथा सरसफाइ नियमावली, २०८१ मा रहेको व्यवस्था अनुसार खानेपानी आयोजना सञ्चालनका लागि प्रदेश सरकारको कार्यक्षेत्र जनसंख्याको आधारमा हिमालमा ५०० देखि १,०००, पहाडमा २,००० देखि ५,००० र तराईमा ८,००० देखि १५,००० रहेको तथा प्रदेशको कार्य क्षेत्र १५-५० करोड लागतको आयोजना परेकोले हाल प्रदेशले सञ्चालन गरेका अधिकांश आयोजना प्रदेश सरकारको कार्यक्षेत्रमा नपर्ने अवस्था देखिन्छ। तसर्थ प्रदेशले कार्यान्वयन सञ्चालन गरी आएका आयोजना प्रदेशको कार्यक्षेत्र अन्तर्गत समावेश हुने गरी उक्त नियमावली परिमार्जनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

१०. पञ्चासे वन संरक्षण क्षेत्र" राष्ट्रिय वन अन्तर्गत पर्ने भएकोले राष्ट्रिय वन क्षेत्रको व्यवस्थापन प्रदेश सरकारको एकल अधिकारमा संविधानमा उल्लेख भएको हुँदा प्रदेश कानुन बमोजिम व्यवस्थापन गर्ने गरि सङ्घीय वन ऐन, २०७६ को दफा (१५) (१६) र (१७) मा संशोधन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

११. मठ, मन्दिर, पाटी पौवा, सार्वजनिक भवन, खेल मैदान, पार्क, कृषि क्षेत्र जस्तामा बजेट विनियोजन भई निर्माण गर्नु पर्ने तर त्यस्ता क्षेत्रको आफ्नै स्वामित्वमा जग्गा नहुँदा निर्माण गर्न कठिनाइ भएकोले आवश्यक नीतिगत प्रबन्ध गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा